कार्यपालिकामा प्रस्तुत मिति: २०७९ पौष २७ गते
कार्यपालिकाबाट स्वीकृत मिति: २०७९ पौष २८ गते
प्रमाणित मिति: २०७९।९।२९

# माई नगरपालिकाको
# आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावना : माई नगरपालिका क्षेत्रभित्र रहेका विपन्न तथा गरिबीको रेखामुनी रहेका, दीर्घरोग लागेका तथा सामाजिक कुरीतिबाट पीडित व्यक्तिलाई आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कार्यविधि तयार गर्न बाञ्छनीय भएकोले माई नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " माई नगरपालिकाको आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०७९." रहेको छ । (२) यो मापदण्ड दुरुन्त लागु हुनेछ ।

**२. परिभाषा : विषय प्रसंगले अर्को अर्थ नलागेमा**

क) "नगरपालिका" भन्नाले माई नगरपालिका सम्झुन पर्दछ ।

ख) " नगर कार्यपालिका" भन्नाले माई नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले गरिबीको रेखामुनी रहेको भनि प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजो लगायतका गम्भिर प्रकृतिका रोग लागेका, प्राकृति प्रकोपबाट पीडित तथा सामाजिक कृरितीबाट पीडित व्यक्तिलाई सम्झिनु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माई नगरपालिकाको प्रमुख पशासकीय अधिकृत सम्झनु पर्दछ

ङ) "प्रमुख" भन्नाले माई नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

## परिच्छेद २
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. निवेदन दिनु पर्ने :**

(१) यस कार्यविधि अनुसार आर्थिक सहायता पाउने व्यक्ति वा संस्थाले प्रमाण सहित सम्बन्धीत वडाको सिफारिस समेत संलग्न राखि नगरपालिका प्रमुखलाई निवेदन दिनु पर्नेछ । (२) उपदफा (१) वमोजिम पेश भएको निवेदनमा आवश्यक छानवीन गर्दा आर्थिक सहायता पाउन योग्य व्यक्तिलाई दफा ३, ४, ५, ६ र ७ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराउन सकिनेछ ।

**४. गम्भीर प्रकृतिका बिरामीलाई आर्थिक सहायता :**

(१) दफा २ को उपदफा (१) बमोजिम निवेदन दिएका व्यक्ति मध्ये दिर्घ रोग लागेका (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, क्यान्सर लगायतका गम्भिर प्रकृतिका बिरामी) व्यक्तिलाई

नगरपालिका प्रमुखको निर्णय बमोजिम बिरामीको अवस्थाको आधारमा रु. ५,०००/– देखि रु. २०,०००/– सम्म आर्थिक सहायता वापतको रकम उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने देखिएमा नगर कार्यापालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

**५. घरेलु हिंसा पिडितलाई दिइने सहायता :**

(१) विभिन्न कारणले घरेलु हिंसामा परेका बालबालिका, महिला तथा जेष्ठ नागरिकहरुलाई नगरपालिका प्रमुखको निर्णयानुसार रु. ५,०००/– देखि रु. १०,०००/– सम्मको रकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमको रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने भएमा नगर कार्यपालिकाको निर्णयानुसारको रकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ ।

(३) यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लाग नगर कार्यपालिकाको निर्णयानुसार आर्थिक सहायता वापत उपलब्ध गराउने सकिने छ ।

(४) यस दफा बमोजिम पीडितलाई न्याय दिलाउन एवम् पूनःस्थापनाका लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**६. आर्थिक रुपले विपन्न सुत्केरी महिला, जेष्ठ नागरिक तथा असाहाय अतिविपन्न बालबालिका लगायतका व्यक्तिलाई सहायता :**

(१) सामाजिक आर्थिक प्राकृतिक तथा मानवीय कारणले जोखिममा रहेका नागरिक र बालबालिकाहरुलाई नगरपालिका प्रमुखको निर्णयानुसार रु. ५,०००/– देखि १०,०००/– सम्मको रकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने भएका नगर कार्यपालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

**७. संस्थागत रुपमा दिइने आर्थिक सहायता :**

(१) नगरपालिकामा विभिन्न कारण देखाई संस्थागत रुपमा आर्थिक सहायता माग गरी परेका निवेदनका सम्वन्धमा आर्थिक सहायता माग गर्नु कारण उपर छानवीन गरी उपलब्ध गराउनु पर्ने भएमा नगरपालिका प्रमुखको निर्णयानुसार रु. १५,०००/– सम्मको रकम आर्थिक सहायता वापत उपलव्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उलेखित रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु पर्ने भएमा नगर कार्यपालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

८. **जेष्ठ नागरिकलाई सहायता :**

(१) दलित, पिछडीएको वर्ग र अल्पसंख्यक ज्येष्ठ विपन्न नागरिकको हकमा ६० वर्ष उमेर पुगेका एकल वा वेवास्तामा परेका नागरिकलाई नगरपालिका प्रमुखको निर्णयानुसार रु. ५,०००/– सम्मको रकम आर्थिक सहायता वापतको उपलब्ध गराउने सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमको रकम भन्दा बढी रकम आर्थिक सहायता वापत उपलब्ध गराउनु परेमा नगर कार्यपालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ३

## विविध

९. **निवेदनको ढाँचा :** (१) दफा (२), (३), (४), (५), (६) र (७) अनुसारको आर्थिक सहायता माग गर्ने निवेदनको ढाँचा अनुसूची (१) र (२) मा तोकिए बमोजिम हुनु पर्नेछ ।

१०. **अधिकार प्रत्यायोजन गर्न सकिने :** (१) यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी अधिकार नगर कार्यपालिका र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

११. **बजेट व्यवस्थापना :**

(१) यस कार्यविधि अनुसार उपलब्ध गराईने आर्थिक सहायताका लागि नगरसभाले वजेट विनियोजन गर्नेछ ।

१२. **आर्थिक सहयोगको सिमा र समयावधि :**

(१) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष परिस्थिती बाहेक आर्थिक सहायता उपलब्ध गराउँदा कार्यपालिकाको निर्णय बाहेक उपलब्ध गराइने छैन ।

(२) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएतापनि एक पटक आर्थिक सहायता पाएको व्यक्तिलाई १ वर्ष भित्र सोही विषयमा पून: आर्थिक सहायता दिइनेछैन ।

(३) मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्डको पक्षघातको विरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ अनुसार उपचार खर्च पाउने लाभग्राहीलाई यस कार्यविधि अनुसार थप आर्थिक सहायताको रकम उपलब्ध गराइने छैन ।

१३. **बाधा अड्काउ:** (१) यस कार्यविधिमा कुनै समस्या आएमा नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

अनुसूची –१

मिति..........

श्रीमान नगर प्रमुख ज्यू,
माई नगरपालिका शितली, इलाम ।

विषय : आर्थिक सहायता सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा म/हामी ............................ रोगले ग्रसित भई उपचार गराई रहेको व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि नगरपालिकाले स्वीकृत गरेको कार्यविधि अनुसारको आर्थिक सहायता उपलब्ध गराई नि:शुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस समेत गरिदिनु हुन तपसिलका कागजातहरु यसै साथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. सम्बन्धित व्यक्तिले यसै बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने,
२. गम्भीर प्रकृतिको रोग हो भनी सम्बन्धित वडाको सिफारिस,
३. नागरिकता/जन्मदर्ता/विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि,
४. अस्पतालमा भर्ना भएको कागजातहरु र डाक्टरको प्रेस्क्रिप्सन,
५. अन्य आवश्यक कागजातहरु,

निवेदक

| सि नं. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

# अनुसूची–२

(विपन्न महिला, वालवालिका र ज्येष्ठ नागरिक लगायतसँग सम्बन्धित)

मिति : ........................

श्रीमान् नगर प्रमुख ज्यू,
माई नगरपालिका, इलाम ।

विषय : आर्थिक सहायता सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा म/हामीहरुको आर्थिक अवस्था नाजुक रहेको/प्राकृतिक विपतका कारण मेरो/हाम्रो .............................. धनजनको क्षति भएकोले नगरपालिकाको स्वीकृत कार्यविधि अनुसार तोकिए बमोजिमको आर्थिक सहायता उपलब्ध गराई दिनुहुन तपसिलका बमोजिम कागजातहरु यसै साथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. सम्बन्धित व्यक्तिले यसै बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने,
२. गम्भिर प्रकृतिको रोग हो भनी सम्बन्धित वडाको सिफारिस,
३. नागरिकता/जन्मदर्ता/विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि,
४. अस्पतालमा भर्ना भएको कागजातहरु र डाक्टरको प्रेस्क्रिप्सन,
५. अन्य आवश्यक कागजातहरु,

निवेदक

| सि नं. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अनुसूची–३

मिति :

..........................

श्रीमान् नगर प्रमुख ज्यू,
माई नगरपालिका, इलाम ।

विषय : आर्थिक सहायता सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा म/हामीहरुको ................................ भएको ...................... व्यक्ति ............................... भएको व्यहोरा अवगत गराउँदछु/छौं । ............................ को आर्थिक अवस्था नाजुक भएको, तत्काल .................................. गर्न जरुरी रहेकोले ........................ को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई ...................... समेत गरिदिनु हुन तपसिलका कागजातहरु यसै साथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

**तपसिल**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि,

२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि,

३. ..........................................................................................

निवेदक

| सि नं. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |